# मानव अधिकार रक्षक सञ्जाल, जाजरकोट

# Human Right Defender' Network, Jajarkot

मिति : २०७८ साल फागुन २६ गते

श्री प्रमुख जिल्ला अधिकारी ज्यू
जिल्ला प्रशासन कार्यालय, जाजरकोट ।

विषय : ध्यानाकर्षण सम्वन्धमा ।

जनताका सवै भन्दा नजीकमा रहेका स्थानीय सरकारमा जन प्रतिनिधिको रिक्तता हुन नदिन नेपाल सरकारले स्थानीय तहको निर्वाचन २०७९ बैशाख ३० गते घोषणा गरेको छ । निर्वाचन आयोग सहितका जिम्मेवार निकायहरु पनि सोही अनुसार निर्वाचनमा आफ्नो जिम्मेवारी निर्वाह गर्ने तयारीमा जुटिरहेको गरिरहेका सन्दर्भमा तोकिएकै मितिमा निर्वाचन हुनेमा पनि हामी विश्वस्त छौं ।

वर्तमान समयका आवधिक निर्वाचनहरु स्वच्छ, स्वतन्त्र र विश्वसनीय हुन आवश्यक भएकाले निर्वाचन आयोगले निर्वाचन आचारसंहिता जारी गर्दछ । आचारसंहिताको कार्यान्वयनको सिलसिलामा निर्वाचनमा वालवालिकाका अधिकारको संरक्षण र सम्वर्द्धन हामी सवैको सरोकारको विषय हो । निर्वाचन आयोगले जारी गर्ने आचार संहितामा वाल अधिकारका सवालहरु पनि समेटिने गरेका पाईन्छन् ।

बालबालिका सम्वन्धी ऐन, २०७५ को दफा ६६ को उप दफा २ मा राजनीतिक प्रयोजनका लागि बालबालिकालाई संगठित गर्ने वा हड्ताल, वन्द,, चक्काजाम, धर्ना, र जुलुसमा प्रयोग गर्न नहुने भनि यसलाई बालबालिका विरुद्ध कसुरको रुपमा व्यवस्था गरिएको र यदी कोही कसैले गरिहालेमा दफा ७२ मा ७५ हजार रुपैंयाँ सम्म जरिवाना र ३ वर्ष कैदको व्यवस्था गरिएको छ भने विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका २०६८ मा वालवालिकालाई राजनीतिक कृयाकलापमा संलग्न गर्न नहुने उल्लेख भएको स्मरण गराउंदछौं ।

विभिन्न ऐन, कानून तथा नीतिमा वाल अधिकारको रक्षाका लागि सरकारी प्रतिवद्धता व्यक्त भएता पनि निर्वाचनमा वालवालिकाको दुरुपयोग हुने क्रम नरोकिएकाले हामी जाजरकोट जिल्लामा मानव अधिकारको क्षेत्रमा कृयाशील नागरिक समाजका संस्थाहरुको सञ्जालहरुको तर्फवाट निर्वाचनमा वालवालिकाका अधिकारहरुलाई जोखिममा पर्न नदिन निर्वाचन आयोगको जिल्ला स्थित कार्यालय र अन्य सरोकारवाला निकायहरु वीच संग सहकार्य आवश्यक भएकाले स्थानीय प्रशासन र जिल्ला निर्वाचन कार्यालयको आवश्यक पहलका लागि ध्यानाकर्षण गराउंदछौं ।

Scanned with CamScanner

## ध्यानाकर्षण गराईएका बिषयहरु

१) निर्वाचन आयोगले जारी गरेको विद्यमान आचार सहितामा समावेश गरिएका चुनाव प्रचार प्रसार, आम सभा, जुलुसमा बालबालिकाको प्रयोग गर्न हुन्न भन्ने सकारात्मक पक्षलाई आत्मसात गर्दै सोही बुँदामा विद्यालय पनि प्रयोग गर्न नपाईने थप व्यवस्था गरिनु पर्ने ।

२) चुनावी प्रचार प्रसार सामग्रीमा १८ बर्ष मुनिका बालबालिकाको प्रयोग गर्न, बालबालिका मार्फत प्रचार प्रसार सामग्री बनाउन नपाईने व्यवस्था गरिनु पर्ने ।

३) सन्चार माध्यामहरुले गर्ने राजनीतिक तथा पार्टीगत विश्लेशनमा बालबालिकालाई दलगत रुपमा विभाजन गर्न नहुने ।

४) मतदान केन्द्रको रुपमा प्रयोग भएका विद्यालयको भौतिक सम्पत्तिको सुरक्षामा बिषेश ध्यान दिँदै क्षति भएमा क्षतिपुर्तिको व्यवस्था गरिनु पर्ने ।

५) कुनै विकल्प नहुँदा मात्र विद्यालयलाइ मतदान केन्द्रको रुपमा प्रयोग गरिनु पर्ने र मतदान केन्द्र तोकिएका विद्यालयलाई सके सम्म कम दिन मात्र प्रयोग हुने सुनिश्चितता सहित सम्भावित मिति सार्वजनिक गरिनुका साथै विद्यालयमा राजनीतिक दलका आम सभा, जुलुस र मत गणना गर्न नहुने ।

जाजरकोट खलंगा ।

(राजेन्द्र विक्रम शाह)
संयोजक
मानव अधिकार रक्षक सन्जाल

(वीजया नगरकोटी)
अध्यक्ष
महिला मानव अधिकार रक्षक सन्जाल

(बालकुमार शर्मा)
अध्यक्ष
नेपाल पत्रकार महासंघ

(सहदेव बस्नेत)
सचिव
गैसस महासंघ

(वासुदेव शर्मा)
सदस्य
एम्नेष्टी इन्टरनेशनल नेपाल

(रोशना सिंह)
सदस्य
नेपाल मानव अधिकार संगठन

(सहदेव जंग शाह)
सदस्य
नेपाल वार एशोशियसन

(शर्मिला सुनार)
उपाध्यक्ष
नगर स्तरिय वाल सन्जा

(टोपेन्द्र शाही)
कार्यक्रम अधिकृत
सुन्दर नेपाल

(कृष्ण अधिकारी)
जिल्ला शुशासन तथा वकालत अधिकृत
सहकर्मी समाज

(दिनेश कुमार श्रेष्
जिल्ला प्रतिनिधि
इन्सेक

Scanned with CamScanner